# बाखा प्रवर्द्धन कार्यक्रम सम्बन्धी कार्यविधि, २०७७

नगर कार्यपालिकाको बैठकबाट पारित मिति : २०७७/०९/१२


भूमिकास्थान नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

नुवाकोट, अर्घाखाँची

लुम्बिनी प्रदेश, नेपाल

बाखा प्रर्वद्धन कार्यक्रम सम्बन्धी कार्यविधि, २०७७

**१. प्रस्तावना :**

भूमिकास्थान नगरपालिकाभित्रका विपन्न तथा न्यून आय भएका पशुपालक कृषकहरुलाई आयआर्जनमा आवद्ध गराई उनीहरुको आम्दानी वृद्धि गर्ने र जीवनस्तरमा सुधार ल्याउने उद्देश्यले भूमिकास्थान नगरपालिकाले बाखा प्रवर्द्धन कार्यक्रम सम्बन्धी कार्यविधी, २०७७ प्रशासकीय कार्यविधि नियमन गर्ने ऐन, २०७५ बमोजिम नगर कार्यपालिकाबाट पारित भई जारी गरिएको छ ।

**परिच्छेद-१**

**२. संक्षिप्त नाम र परिभाषा :**

२.१ यस कार्यविधिको नाम भूमिकास्थान नगरपालिकाको **"बाखा प्रर्वद्धन कार्यक्रम कार्यविधि, २०७७"** रहेको छ ।

२.२ यो कार्यविधि नगर कार्यपालिकाबाट स्वीकृत भई राजपत्रमा प्रकाशन भएको मिति देखि प्रारम्भ हुनेछ ।

**२.३ विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :**

(क) "नगरपालिका" भन्नाले भूमिकास्थान नगरपालिकालाई सम्झनुपर्छ ।

(ख) "नगरप्रमुख" भन्नाले भूमिकास्थान नगरपालिकाको प्रमुख सम्झनु पर्दछ ।

(ग) "नगर उपप्रमुख" भन्नाले भूमिकास्थान नगरपालिकाको उपप्रमुख सम्झनु पर्दछ ।

(घ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले भूमिकास्थान नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्दछ ।

(ङ) "वडा" भन्नाले भूमिकास्थान नगरपालिकाको सबै वडाहरुलाई सम्झनु पर्दछ ।

(च) "सहकारी" भन्नाले भूमिकास्थान नगरपालिकाभित्र रहेका कृषि तथा पशुपालनसँग सम्बन्धित कृषि सहकारीहरुलाई जनाउनेछ ।

(छ) "कार्यक्रम" भन्नाले बाखापालन कार्यक्रमलाई सम्झनु पर्दछ ।

३. उदेश्य : यस कार्यक्रमको उदेश्य देहाय बमोजिम रहेको छ :

(क) विपन्न एवं दलित समुदायका कृषकहरुलाई आयआर्जनमा संलग्न गराई निजहरुको जीवनस्तरमा सुधार ल्याउने ।

(ख) भूमिकास्थान नगरपालिकाका कृषकहरुलाई बाखापालन व्यवसायप्रति आकर्षित गर्ने ।

**परिच्छेद-२**

**कार्यक्रम संचालन र कार्यक्रमको मापदण्ड सम्बन्धी व्यवस्था :**

**४. कार्यक्रम संचालन प्रक्रिया :**

कार्यक्रम संचालनका लागि देहायको प्रक्रिया अबलम्बन गर्नु पर्नेछ :

(क) विपन्न र दलित वर्गलाई प्राथमिकता दिई कार्यक्रम संचालन गर्नुपर्नेछ ।

(ख) बाखा प्रवर्द्धन कार्यक्रम भूमिकास्थान नगरपालिकाभर लागु गर्नुपर्नेछ ।

(ग) नगरपालिकाले कार्यक्रम संचालनको लागि कम्तीमा १५ दिनको म्याद दिई सूचना प्रकाशन गर्नुपर्नेछ ।

(घ) निवेदकले आय आर्जन सम्बन्धी कार्यविधि, २०७७ बमोजिमको ढाँचा अनुसार निवेदन दिनु पर्नेछ ।

**५.कार्यक्रमको मापदण्ड :**

(१) नगरपालिकाले बाखा खरिद गर्दा उपलब्ध भए सम्म नगर भित्रका स्थानीय जातका खरी/जमुनापारी क्रस वाखालाई पहिलो प्राथमिकता दिनुपर्नेछ ।

(२) वितरण गरिने बाखा प्रजनन योग्य, निरोगी हुनुपर्नेछ ।

(३) प्रजनन योग्य बाखा खरिद गर्दा जिउदो बढीमा प्रति के.जी. रु ३५० (तीनसय पचास) को दरले खरिद गर्ने ब्यबस्था मिलाउनु पर्नेछ ।

(४) वितरण गरिने बाखाको जिउदो तौल न्युनतम १२ (बाह्र) के.जी र अधिकतम २५ (पच्चीस) के.जी. हुनुपर्नेछ ।

(५) खरिद भएका बाखाको कृषकले अनिवार्य पशु विमा गर्नुपर्नेछ ।

(६) वितरण गरिएको बाखा कम्तीमा तीन बर्ष सम्म पालन गर्नुपर्नेछ ।

(७) वितरण गरिएको बाखामा कुनै किसिमको प्रजनन समस्या देखिएको खण्डमा नगरपालिकाको पशुसेवा शाखा वा वडा पशु स्वास्थ्य प्राविधिकलाई जानकारी गराउनु पर्नेछ र नगरपालिकाको पशुसेवा प्राविधिकको रोहवरमा प्रचलित बजार मूल्यमा उक्त बाखा विक्री गरि कृषकले अर्को बाखा खरिद गर्न सक्नेछ ।

(८) वितरण गरिएका बाखाबाट हुने सन्तान बृद्धिको लगत अनिवार्य रुपमा नगर पशु सेवा शाखा वा वडा कार्यालयअन्तर्गत कार्यरत वडा पशु स्वास्थ्य प्राविधिकसमक्ष पेश गर्नुपर्नेछ ।

(९) वितरण गरिएका बाखाको आकस्मिक मृत्यु भएमा सम्बन्धित वडा कार्यालयको वडा अध्यक्ष, वडा पशु प्राविधिकको रोहवरमा मृत्यु भएको कुरा अनुसूची १ बमोजिमको ढाँचामा प्रमाणित गरि नगरपालिकाको पशु सेवा शाखामा लिखित जानकारी गराउनु पर्नेछ ।

(१०) मृत्यु भएको बाखाको विमा दावीको लागि नगरपालिकाले सहयोगी भुमिका निवाह गर्नेछ । सो बाहेक नगरपालिकाबाट अन्य सुविधा उपलब्ध हुनेछैन ।

(११) एक घरपरिवारको लागि बढिमा २ (दुई) वटा प्रजनन योग्य बाखा उपलब्ध गराईनेछ ।

## परिच्छेद-३

**६.बाखाको खरिद ब्यवस्थापन :**

(१) बाखाको खरिद कार्यमा नगरपालिका भित्रका कृषि सहकारी, नियमानुसार दर्ता भएका कृषि फर्महरुलाई संम्लग्न गराई प्रतिस्पर्धाको आधारमा गर्न सकिनेछ ।

(२) कृषि सहकारीहरु/फर्मको प्रतिस्पर्धाको लागि नगरपालिकाले तोकिए बमोजिमको सूचना प्रकाशन गर्नुपर्नेछ ।

(३) सूचना बमोजिम सहकारी/फर्मले पेश गरेको आवेदनको मूल्याङ्कनको आधारमा सबै भन्दा कम मूल्य कबोल गर्ने सहकारी/फर्म लाई नगरपालिकाले प्रतिवद्धता गराई खरिद कार्यको लागि कार्यादेश दिनुपर्नेछ ।

(४) नगरपालिका समक्ष सहकारी/फर्मले गरेको प्रतिवद्धता बमोजिमको कार्य नगरेमा नगरबाट प्रदान गरिने सेवा सुविधाबाट बञ्चित गरिनेछ ।

(५) सहकारी/फर्मले खरिद गरेको बाखाहरु पशु चिकित्सक वा नगरपालिकाको पशुसेवा शाखाको पशु स्वास्थ्य प्राविधिकले स्वास्थ्य परीक्षण गर्नुपर्ने छ र खरिद गरिएका बाखाहरुमा कुनै किसिमको स्वास्थ्य समस्या देखिएमा वितरणको लागि रोक लगाउन सक्नेछ ।

(६) सरकारी/फर्मबाट उपयुक्त बाखाहरु उपलब्ध हुन नसकेमा भूमिकास्थान नगरपालिका भित्रका कृषकहरुबाट समेत बाखा खरिद गर्न सकिनेछ । यसरी पनि उपलब्ध हुन नसकेमा अन्य श्रोतबाट बाखाको ब्यबस्थापन गरी लाभग्राहीलाई बाखा वितरण गर्नुपर्नेछ ।

## परिच्छेद-४
## विविध

७. नगरपालिकाबाट वितरण गरिने बाखाहरुको ट्यागिङ्ग गरिसके पछि मात्र लाभग्राहीलाई बाखा वितरण गर्नुपर्ने छ ।

८. यस कार्यविधिमा ब्यबस्था भएका कुराहरु यसै बमोजिम हुने र अन्यको हकमा मुख्यमन्त्री ग्रामीण विकास रोजगार कार्यक्रम, २०७५ र आय आर्जन सम्बन्धी कार्यविधि, २०७७ बमोजिम हुनेछन् ।

अनुसुची-१
(दफा ५ को उपदफा (९) सँग सम्बन्धित)

## बाख्रा मृत्यूको मुचुल्का

लिखितम अर्घाखाँची जिल्ला भूमिकास्थान नगरपालिका वडा नं....... टोल .................................. बस्ने श्री ...................................को छोरा बर्ष......... को श्री .........................................ले भूमिकास्थान नगरपालिकाबाट मुख्यमन्त्री ग्रामीण विकास रोजगार कार्यक्रम अन्तर्गत बाख्रा प्रबर्द्धन कार्यक्रमबाट उपलब्ध गराइएको ट्याग नं............ को बाख्रा .................................. कारणले मृत्यु भएको हुँदा हामी तपसिलका व्यक्तिहरु बसी यो मुचुल्का गरिदियौं ।

तपसिल

अर्घाखाँची जिल्ला भूमिकास्थान नगरपालिका वडा नं....... टोल .................................. बस्ने श्री ...................................को छोरा बर्ष......... को श्री ..........................................................१

अर्घाखाँची जिल्ला भूमिकास्थान नगरपालिका वडा नं....... टोल .................................. बस्ने श्री ...................................को छोरा बर्ष......... को श्री ..........................................................१

अर्घाखाँची जिल्ला भूमिकास्थान नगरपालिका वडा नं....... टोल .................................. बस्ने श्री ...................................को छोरा बर्ष......... को श्री ..........................................................१

रोहवर

| | | |
|---|---|---|
| हस्ताक्षर : | हस्ताक्षर : | हस्ताक्षर : |
| नाम : | नाम : | नाम : |
| पद : | पद : | पद : |
| मिति : | मिति : | मिति : |